त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

## विद्यावारिधि तह Plan B अन्तर्गत विद्यार्थी भर्नाका लागि आवेदन आव्हानसम्बन्धी सूचना

**प्रकाशित मिति २०८३/०३/३२ गते**

शैक्षिक वर्ष २०८३/२०८४ का लागि यस अध्ययन संस्थान, डीनको कार्यालयबाट कीर्तिपुरमा सञ्चालित स्नातकोत्तर कार्यक्रमअन्तर्गत विद्यावारिधि तह (Plan B) मा निम्न विषयहरुमा नयाँ भर्नाका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेका इच्छुक व्यक्तिहरुले रितपुर्वक आवेदन दिन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशित गरिएको छ । आवेदकले सूचनामा माग भए अनुसारका विवरणहरु आवेदन फाराम साथ पेश गर्नु पर्नेछ । म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका आवेदनप्रति कुनै कारवाही हुने छैन । थप विवरणको लागि यस अध्ययन संस्थानको Website www/iaas.tu.edu.np मा गएर Postgraduate Degree Regulation and Thesis/Disseration Preparation Guidelines 2026 (Link: https://portal.tu.edu.np/medias/2026_07_16_13_07_39.pdf) गई हेर्न सकिनेछ । आवेदन मिति २०८३/०४/०१ देखी २०८३/०४/३० गतेसम्म हुनेछ ।

| क.सं. | डिग्री | विभाग/विषय | कोटा |
|---|---|---|---|
| १ | PhD in Agriculture | Agricultural Economics | २ जना अधिकतम |
| | | Agriecology | १ जना अधिकतम |
| | | Horticulture | ३ जना अधिकतम |
| | | Agronomy | ३ जना अधिकतम |
| | | Plant Pathology | १ जना अधिकतम |
| | | Entomology | १ जना मात्र |
| | | Soil Science | १ जना मात्र |
| २ | PhD in Aquaculture | Aquaculture | २ जना मात्र |

पुनश्च : अध्ययन संस्थान र सरकारी कोटावाट मनोनित भइ आउनेको संख्या उल्लिखित तालिकामा समावेश गरिएकोछैन ।

### २. आवेदन शूल्क सम्वन्धमा

आवेदन शुल्क रु.४,०००।- नेपाल बैंक लिमिटेडको कीर्तिपुर शाखामा रहेको कृ.प.वि.अ.पिजी खाता नम्बर ०४५००१००१०५३९९००००० १ मा जम्मा गरी सोको सक्कल भाउचर आवेदन फाराम साथ संलग्न गरी बुझाउँनु पर्नेछ ।

### ३. आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुको सम्बन्धमा ।

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र आवेदन शुल्क बुझाएको सक्कल बैंक भाउचर पेश गर्नु पर्नेछ ।

ख) स्नातक तथा स्नातकोत्तर तहको लब्धाङ्कपत्र (Transcript) वा प्रोभिजनल वा मूल प्रमाणपत्र र प्राप्ताङ्कहरु Grade मा भए ग्रेड रुपान्तरण गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

ग) त्रि.वि. बाहेक अन्य विश्वविद्यालयबाट उपाधि प्राप्त विद्यार्थीहरुको हकमा पाठ्यक्रम विकास केन्द्रबाट लिएको समकक्षता (Equivalence) प्रमाणपत्र र स्थानान्तरण (Migration) प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

घ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति पेश गर्नु पर्नेछ ।

ङ) प्रस्तावित अध्ययन/अनुसन्धानमा आधारित प्रस्तावना पत्र (Proposal) को (Hard copy र e-copy) का साथै १ प्रति व्यक्तिगत विवरण (Biodata) पेश गर्नु पर्नेछ ।

च) विद्यावारिधि तहमा भर्ना हुनको लागि २ जना प्राध्यापकबाट सिफारिस गरेको पत्र जसमध्ये १ जना त्रि.वि.को प्राध्यापकबाट हुनुपर्नेछ ।

छ) शुल्क सम्बन्धमा सुनिश्चित गर्न सम्बन्धित संस्था वा आफै व्यहोने स्वघोषणा पत्र बुझाउनु पर्नेछ ।

ञ) कार्य अनुभव र विद्यावारिधि अध्ययन/अनुसन्धान गर्न कार्यरत कार्यालयको पूर्व स्वीकृती पत्र पेश गर्नु पर्नेछ ।

### ४. आवेदनको न्यूनतम योग्यताको सम्बन्धमा ।

| क.सं. | डिग्री | योग्यता/मापदण्ड |
|---|---|---|
| १ | PhD in Agriculture | M.Sc. Ag. or equivalent |
| २ | PhD in Animal Science | M.Sc. An.Sc. or equivalent |
| ३ | PhD in Veterinary Science | M.V.Sc. or equivalent |
| ४ | PhD in Aquaculture | M.Sc.Aqua. or equivalent degree |

त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

**५. आवेदनको डिग्री अनुभव र प्रकाशन सम्बन्धमा।**

| Requirements | Applicants Master Degee | | |
|---|---|---|---|
| | Distinction | First Divison | Second Division |
| Experiences (years) | No | 2 | 3 |
| Publications* | 1 | 3 | 3 |

*Only peer reviewed journal articles as first author are considered for publications.

६. आवेदकले स्नातक र स्नातकोत्तर तह अंग्रेजी माध्यममा अध्ययन गरेको प्रमाण पेश गर्नुपर्नेछ।

७. नेपाल भन्दा वाहिरका आवेदकहरुको हकमा IELTS 5.5 वा सो सरहको प्रमाण पेश गर्नुपर्नेछ।

८. डिग्रीसम्बन्धी विस्तृत विवरण Postgraduate Degrees Regulation and Thesis/Disseration Preparation Guidelines (2026) हालसालै परिमार्जन गरिएको हुँदा सोही अनुसार हुने वेहोरा जानकारी गराईन्छ।

९. आवेदन फारम https://portal.tu.edu.np/downloads/download1608707670_2024_04_26_11_06_24.pdf मा गई डाउनलोड गरि भर्न सकिनेछ।

➡ थप जानकारीका लागि यस अध्ययन संस्थानको शैक्षिक प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

..............................

डा. पुष्पराज पौडेल
सहायक डीन (शिक्षण)